मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

धार्मिक र वैज्ञानिक दृष्टिमा नाग पञ्चमी: पृष्ठ २

पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २३७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ साउन १० गते शनिवार (Saturday, July 25. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

चिन्डोको प्रतिमा: धरान-१८ बुद्धचोकमा स्थापित किराँती सांस्कृतिक विम्ब चिन्डोको प्रतिमा । वि.सं. २०७७ साउन १ गते प्रा.डा. टंक न्यौपानेले उद्घाटन गरेको प्रतिमा किराँती सम्वत् यल दोङ ५०८० तथा उभौंलीका अवसरमा सार्वजनिक गरिएको थियो । **तस्वीर: बिराट अनुपम/रासस**

क्यान्सरका बिरामीलाई लकडाउनको असर

नि:शुल्क उपचारका लागि सहजीकरण गर्दै सहारा

बिर्तामोड, साउन ५। जीवन वरदान कार्यक्रम अन्तरगत सहारा नेपाल सहकारी संस्थाले आफ्ना शेयर सदस्यको उपचारका लागि सहयोग पुऱ्याउँदै आएको छ ।

कतिपय जटिल रोगको उपचारका लागि सहकारीले सत प्रतिशत रकम प्रदान गर्दै आएको छ । अझ, आफ्ना शेयर सदस्यको नि:शुल्क उपचारका लागि सहज होस् भन्दै झापा सहित देशभरका झण्डै दुई दर्जन अस्पतालसँग सहकार्य गर्दै सहकारीले बिरामीको उपचार गर्दा लागेको खर्च समेत आफैं भुक्तानी गर्दै आएको छ ।

यसैक्रममा लामो समयसम्म लकडाउन हुँदा आफ्ना शेयर सदस्यहरुलाई क्यान्सरको उपचारका लागि असहज भएको भन्दै संस्थाले झापाको बिर्तामोडमा रहेको पूर्वाञ्चल क्यान्सर अस्पतालसँग सहकार्य गर्दै उपचारका लागि सहज वातावरण सृजना गरेको छ ।

झापा र झापा बाहिरका विभिन्न अस्पतालमा नियमित स्वास्थ्य जाँच गराइरहेको आफ्ना शेयर सदस्यलाई स्वास्थ्य उपचारमा समस्या परेको भन्दै पूर्वाञ्चल क्यान्सर अस्पतालका चिकित्सकसँग सिधा सम्पर्क गराएर सहकारीले उपचारका लागि सहज वातावरण सृजना गरेको हो ।

अस्पताल परिसरमा शुक्रवार चिकित्सक र बिरामीबीच अन्तरक्रिया गराएर उपचारका लागि सहज वातावरण सृजना गरिएको हो । कतिपय बिरामीले भारतका विभिन्न अस्पतालमा आफूहरुले उपचार गराउँदै आएको र अहिले लकडाउनका कारण भारत जान नपाएर समस्या भएको बताएका थिए । उनीहरुले भारतमा उपचार गराउँन जाँदा भित्रको भन्दा बाहिरको समस्याले पिरोल्ने भन्दै आफ्नै ठाउँमा उपचार गराउन पाएको खण्डमा सहज हुने धारणा राखेका थिए ।

पूर्वाञ्चल क्यान्सर अस्पतालका मेडिकल डाइरेक्टर डा. वीरेन्द्रकुमार यादवले भारतका जुनसुकै अस्पतालमा दिइने सेवा भन्दा पूर्वाञ्चल क्यान्सर अस्पातलाको सेवा कम नहुने भन्दै गुणस्तरीय सेवाका लागि अब कोही पनि वाहिर जानै नपर्ने बताएका थिए । उनले पूर्वाञ्चल क्यान्सर अस्पताल आफैंमा विश्वस्तरीय अस्पताल भएकाले यहाँका विरामीले यो र त्यो अस्पताल धाएर समयसँगै जीवन वर्वाद गर्नुको सट्टा समयमै आफ्नै ठाउँमा सही उपचार गराएर नयाँ जीवन पाउने धारणा राखेका थिए ।

क्यान्सर रोग शुरुमा निको नहुने रोगका रुपमा व्याख्या गरेकाले धेरै जना उपचारका लागि समयमा नआउने गरेको भन्दै डा. यादवले भने समयमा क्यान्सरको उपचार गर्न पाएको खण्डमा निको हुन्छ ।

पूर्वमा झापा जिल्लामा क्यान्सरका रोगी धेरै भएको बताउँदै डा. यादवले भने- यहाँ धेरै जसो बिरामी चौथो स्टेजमा पुगेकाहरु आउँछन् । क्यान्सर रोग नै परीक्षण गर्न भनेर अहिले पनि ५ प्रतिशत मात्र मानिस आउने गरेकाले पनि क्यान्सर रोग धेरैलाई हाउगुजी बनेको हो ।

झापामा अहिले पनि स्वास्थ्य कार्यालयले वार्षिक ५०० *(बाँकी अन्तिम पृष्ठमा)*

बर्षेनि क्यान्सर रोगी बढ्दै

कैलालीकी नाबालिकाको सफल उपचार

बिर्तामोड, साउन ५। पछिल्लो समय सरुवा रोगभन्दा नसर्ने रोगले विकारल रुप लिंदै गएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

नेपाल जस्तो विकासोन्मुख मुलुकमा नसर्ने रोगले हुने मृत्युदर बढ्न थालेकाले अब सबै आफ्नो *(बाँकी अन्तिम पृष्ठमा)*

खेतीयोग्य जमिन बगरमा परिणत हुँदै

झापा, साउन ५। कनकाई नदीमा आएको बाढीले झापा गाउँपालिका-७ टप्पुस्थित जनताको तटवन्ध भत्काएर नदीको भंगालो बस्तीमा पस्दा झापा गाउँपालिकाको सयौं बिगाह खेतीयोग्य जमिन बगरमा परिणत हुने भएको छ ।

यस वर्ष असारको शुरुदेखि नै पानी परेका कारण अधिकांश किसानले समयमै रोपाईं गरेका थिए । तर, कनकाई माईमा आएको बढीले जनताको तटवन्ध भत्काएर नदीको भंगालो बस्ती पस्दा झापा गाउँपालिकाका एक सय ३ परिवार पूर्ण रुपमा विस्थापित भए भने सयौं विगाह खेतीयोग्य जमिन समेत बगरमा परिणत भएको झापा गाउँपालिका अध्यक्ष जयनारायण साहले बताए । हुलाकी राजमार्ग अन्तर्गत कनकाई नदीमा निर्माणाधीन पुलका कारण कनकाई नदीलाई पूर्वतर्फ मोडेकाले कनकाई नदीले बाँध भत्काएको स्थानीय वासिन्दाको भनाइ छ ।

कनकाई माईमा आएको बढीले झण्डै तीन सय मिटर बाँध भत्काएर भंगालो बस्तीमा पस्दा झापा गाउँपालिकाको १, २ र ७ नम्वर वडाका अधिकांश वस्ती डुवानमा छन् । डुवानमा परेका वस्तीका एक सय ५ परिवारलाई अहिले उद्धार गर्दै झापा गाउँपालिकाका

विभिन्न विद्यालयमा राखिएको गाउँपालिकाकी उपाध्यक्ष कुन्तीदेवी बुढाथोकीले बताइन् ।

नदीको भंगालो गाउँपसेपछि झापा गाउँपालिका-१ को मिलनवस्ती र वडा नम्वर २को सडकवारी र वडा नम्वर ७को टप्पु र कच्चुदहका वासिन्दा पूर्ण रुपमा विस्थापित भएका छन् । गत सोमवारदेखि डुवानमा परेका तीनवटा वडाका वासिन्दालाई सुरक्षित स्थानमा सारिए पनि त्यहाँको सयौं बिगाह खेतीयोग्य जमिन बगरमा परिणत भएको झापा गाउँपालिकाका स्थानीयवासी हरिनारायण राजवंशीले बताए ।

झापा गाउँपालिकाको पूर्वतर्फ विरीङ र पश्चिमतर्फ कनकाई माई भएका कारण झापा गाउँपालिकाका केही वस्ती हरेक वर्ष डुवानमा पर्ने गरेको र यस वर्ष कनकाई माईलाई पूर्वतर्फ सोझ्याएका कारण तीन वटा वडा डुवानमा परेको दाताराम राजवंशीको भनाइ छ । बस्ती छिरेको कनकाई माईको भंगालो छेक्न अहिले कनकाई नदीमा अस्थायी रुपमा ञ्यापर *(बाँकी अन्तिम पृष्ठमा)*

झापामा एकैदिन १८ जना सशस्त्र प्रहरीमा कोरोना पुष्टि

झापा, साउन ५। झापाका १८ जना सशस्त्र प्रहरीलाई शुक्रवार एकैपटक कोरोना भाइरस पुष्टि भएको छ ।

पूर्वी नाका काँकरभिट्टाको सीमा सुरक्षार्थ खटिएका १८ जना सशस्त्र प्रहरीमा कोरोना संक्रमण पुष्टि भएको हो । साउन ७ गते ४८ जना सशस्त्र प्रहरीको स्वाव संकलन गरी बिराटनगरस्थित प्रादेशिक प्रयोगशालामा परीक्षणका लागि नमूना पठाइएको मेचीनगरका समाजिक बिकास समितिका संयोजक नवीन बरालले जानकारी दिए ।

पूर्वी नाकाको सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीमा एकैपटक यति धेरै संख्यामा कोरोना संक्रमण देखिएपछि समुदायमा कोरोना फैलिएको हुन सक्ने आशंका गरिएको छ ।

नियमित काम गरिरहेका सीमा सुरक्षाकर्मीहरुमा नै कोरोना पुष्टि भएपछि काँकरभिट्टा क्षेत्रमा समुदायमा नै कोरोना फैलिन सक्ने भन्दै स्थानीयहरु चिन्तित भएका छन् । तत्कालका लागि काँकरभिट्टा क्षेत्र शिल गरेर कन्ट्याक ट्रेसिङमार्फत संक्रमणको जोखिममा परेकाहरुको खोजी गरी स्वाब संकलन गर्नुपर्ने काँकरभिट्टाका स्थानीयले माग गरेका छन् ।

यसअघि पनि दुई जना सशस्त्र प्रहरीलाई कोरोना संक्रमण पुष्टि भएको थियो । कोरोना संक्रमण पुष्टि भएकाहरुहरुमध्ये एक महिला सशस्त्र प्रहरी रहेकी छिन् । उनीहरुमध्ये महिलालाई बिराटनगर कोशी अस्पताल लगिएको छ भने बाँकीलाई गोठगाउँस्थित कोरोना अस्पताल लगिएको स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चम्लगाँईले जानकारी दिए ।

योसँगै झापामा कोरोना संक्रमितको संख्या ३४५ पुगेको छ । कोरोना जीतेर २९९ जना घर फर्किएको स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन चम्लगाँईले बताए ।

एसिड प्रकरण

एक घण्टामा पहिचान, तीन घण्टामा पक्राउ

झापा, साउन ५। काठमाडौंको सीतापाइलामा एक युवतीमाथि भएको एसिड प्रकरणका आरोपीलाई प्रहरीले छोटो समयमै पक्राउ गरेको छ ।

बिहीबारसाँझ ७:५५को घटनाका आरोपीलाई प्रहरीले ९ बजे नै पहिचान गरेको थियो । राति १०:४५ बजे उनीहरूलाई पक्राउ गर्न प्रहरी सफल भयो । मुख्यगरी कल डिटेल र सीसी क्यामेराको सहायताले अभियुक्त पहिचान गर्न सफल भएको महानगरीय प्रहरी परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्यामलाल ज्ञवालीले जानकारी दिए ।

पहिचान हुनेबित्तिकै खोजीमा निस्किएको प्रहरी टोलीले रौतहट लक्ष्मीपुर-४ घर भई काठमाडौंको डल्लु बस्ने मोहम्मद आलम र उनका सहयोगी भारत बिहार घर भई डल्लू बस्ने फैयाज आलमलाई पक्राउ गरेको हो । आलम काठमाडौंको एक गार्मेन्ट फ्याक्ट्रीका मालिक हुन् । फैयाज सोही गार्मेन्टमा काम गर्ने कर्मचारी हुन् । *(बाँकी अन्तिम पृष्ठमा)*

कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

बैंकको नाम: राष्ट्रिय बाणिज्य बैंक
शाखा: सिंहदरबार परिसर
खाताको नाम: कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
खाता नं. १९६००००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

सांसदद्वारा पीसीआर परीक्षण प्रयोगशालाको निरीक्षण

तुलसीप्रसाद निरौला

वितामोड, साउन ५। झापाबाट प्रतिनिधि सभा तथा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सांसदहरु, पूर्वमन्त्रीहरु र संविधानसभा सदस्यहरुले शुक्रबार कनकाई-४ कोटीहोमस्थित समर्पण राष्ट्रिय अभियानको भवनमा स्थापित कोरोना भाइरस पीसीआर परीक्षण प्रयोगशालाको निरीक्षण गरेका छन् ।

सहारा नेपालसहित २८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा शुरु गरिएको एकका लागि एक अभियानको अगुवाईमा सरकार-समुदाय-सहकारी अभियानको साझेदारीमा कनकाई-४ कोटीहोमस्थित समर्पण राष्ट्रिय अभियानको भवनमा नागरिकस्तरबाट स्थापित पीसीआर परीक्षण प्रयोगशालाको उनीहरुले निरीक्षण गरेका हुन्

विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमण नियन्त्रणमा सरकारलाई सहयोग पुर्‍याउन नागरिक स्तरबाट कनकाई-४ कोटीहोमस्थित समर्पण राष्ट्रिय अभियानको भवनमा पीसीआर परीक्षण प्रयोगशाला स्थापना गरी सरकारलाई हस्तान्तरण गर्न लागिएको एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरीले जानकारी दिए ।

मेची अस्पतालको मातहतमा रहने गरी उक्त पीसीआर परीक्षण प्रयोगशाला सञ्चालन हुने उनले जानकारी दिए । सांसद, पूर्वमन्त्री लगायत सबैले जतिसक्दो छिटो पीसीआर परीक्षण प्रयोगशाला सञ्चालनको वातावरण मिलाउन सरकारको ध्यानाकर्षण गराउँदै नागरिक स्तरबाट भएको कामको प्रशंसा गरेका थिए ।

प्रतिनिधिसभा सदस्य, राजेन्द्र लिङ्देन, पूर्वमन्त्रीहरु, केशवकुमार बुढाथोकी, सरिता प्रसाईं, वीरमणि ढकाल, संविधान सभा सदस्यहरु प्रेम गिरी, सुधिरकुमार शिवाकोटी, मनकुमार गौतम, दीपक कार्की, हरि राजवंशीले पीसीआर परीक्षण प्रयोगशालाको निरीक्षणपछि एकका लागि एक अभियानका अभियानकर्मीलाई धन्यवाद दिँदै आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

त्यस्तै प्रदेश सभा सदस्यहरु ओम सरावगी, श्रीप्रसाद मैनाली, गोपाल बुढाथोकी, एकराज कार्की, बुख प्रधान, पूर्णसिंह राजवंशी, झलकसिंह दर्लामी, पूर्वसांसद डिल्ली सिटौला समेतले पीसीआर परीक्षण प्रयोगशालाको निरीक्षणपछि सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

नेकपा झापाका अध्यक्ष चिन्तक पाठकले नागरिकस्तरबाट भएको कामको सराहना गर्दै जतिसक्दो छिटो उक्त पीसीआर परीक्षण प्रयोगशाला सञ्चालनको वातावरण बनाउन लागीपर्ने प्रतिबद्धता जनाए । पाठकले त्यसको विषयमा द्विविधामा नपर्न र कसैले त्यस्तो विषयमा राजनीति गर्न नहुनेतर्फ सजग गराए । अभियानको साझेदार संस्था अन्तर्राष्ट्रिय झापाली समाजका उपाध्यक्ष नवीन पोखरेलले अन्तर्राष्ट्रिय झापाली समाजका तर्फबाट दुई दिनभित्र २५ लाख रुपैयाँ हस्तान्तरण गर्ने बताए ।

पीसीआर परीक्षण प्रयोगशालाको प्राविधिक पक्षबारे अन्नपूर्ण न्यूरो हस्पिटल, अन्नपूर्ण रिसर्च सेन्टरका अनुसन्धान अधिकृत अनिल साहको टिमले जानकारी गराएको थियो भने पीसीआर परीक्षण प्रयोगशालाको मेसीन लगायतका सामग्री खरिद प्रक्रियाबारे एकका लागि एक अभियानका सदस्य सजेश शिवाकोटीले अवगत गराएका थिए ।

निरीक्षणपछि सहभागीले दुई बुँदे निष्कर्षसहित छलफल टुग्यांएका थिए । सरकार-समुदाय र सहकारीको साझेदारीमा सञ्चालनमा ल्याउन लागिएको पीसीआर परीक्षण प्रयोगशाला सञ्चालनका लागि एकका लागि एक अभियान एवम् साझेदार एवम् प्राविधिक संस्था दाताहरु तथा प्राविधिक टोलीप्रति कृतज्ञतासहित धन्यवाद प्रकट गर्दछौं ।

कनकाई नपा-४ कोटीहोममा सरकारको मातहत र समन्वयमा पीसीआर परीक्षण प्रयोगशाला सञ्चालनका लागि एकका लागि एक अभियानलाई एकसाथ, एक ढिक्का भई सहयोग गर्न हामी राजनीतिक दल, प्रतिनिधिसभा सदस्य, पूर्व मन्त्री, प्रदेश सभा सदस्य, संविधानसभा सदस्य, पूर्व सांसद सकारात्मक र रचनात्मक सहयोग गर्दै यसको दिगो विकासका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

संवाद समूहले संयोजन गरेको छलफलमा एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरी र सहसंयोजक बिनोद बस्नेतले अभियानकाबारेमा जानकारी गराएका थिए ।

अभियानका सदस्य कुमारमणि पोखरेलले स्वागत गरेको छलफल कार्यक्रममा कुमार भट्टराई, सुवास भट्टराई, नारायणप्रसाद ओली, शिवकुमार कँडेल, कुमार दाहाल, लीला चिमरिया, प्रमोद न्यौपाने, गणेश ढकाल, मिजास पोखरेल, त्रिलोचन उप्रेती, दीपक पौडेल, भरत शिवाकोटी, प्रकाश सुवेदी, विकास बस्नेत, प्रवीन खड्का, कुशल खतिवडा केशव भट्टराई, हिमाल खरेललगायत सहभागी रहेका थिए ।

कांग्रेसको संशोधित विधानबारे प्रशिक्षण

वितामोड, साउन ५। नेपाली कांग्रेसको १४ औं महाधिवेशनका लागि कार्यतालिका सार्वजनिक भएसँगै झापाका सबै गाउँ/नगरका वडाहरुमा क्रियाशील सदस्यता नवीकरण प्रारम्भ भएको छ ।

नवीकरण प्रारम्भ भएसँगै संशोधित विधानका प्रावधानबारे जानकारी गराउन नेपाली कांग्रेस झापा क्षेत्र नं. २ले प्रशिक्षण सम्पन्न गरेको छ ।

क्षेत्र नं. २ अन्तर्गत प्रदेश क्षेत्र, गाउँ/नगर र वडाका सभापतिहरु सहभागी कार्यक्रममा क्रियाशील सदस्यता नवीकरण, नयाँ वितरणको प्रक्रिया, टोल, वार्ड, गाउँ/नगर, प्रदेश क्षेत्र, संघीय क्षेत्र, जिल्ला, प्रदेश र केन्द्रीय समिति गठनको प्रावधानका बारे प्रशिक्षण दिइएको हो । कार्यक्रममा डीएलए झापाका पूर्वअध्यक्ष बसन्त नेपाल र नेपाली कांग्रेस झापा प्रचारप्रसार विभाग संयोजक कृष्ण हुमागाँईले प्रशिक्षण दिएका थिए ।

विधानमा रहेको व्यवस्थाका बारे सहभागीहरुले उठाएको जिज्ञासामा नेपाली कांग्रेस केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटी र सरिता प्रसाई, नेपाली कांग्रेस झापाका सभापति उद्धव थापा, पूर्व सांसद डिल्ली सिटौला लगायतले जवाफ दिएको क्षेत्रीय सहसभापति धर्म लक्सम्बाले जानकारी दिए । सबै तहका निर्वाचनमा टोल तथा वार्डको भूमिका महत्वपूर्ण हुने बताउँदै वक्ताहरुले टोल र वडा समितिलाई सशक्त बनाउन आग्रह गरेका थिए ।

नेपाली कांग्रेस २ नं क्षेत्रीय सभापति खगेन्द्र मैनालीको सभापतित्वमा सम्पन्न सो भेलाले १३ औं महाधिवेशनमा नवीकरण छुट भएर अन्य पार्टीमा नगएकाहरुको क्रियाशील सदस्यता नवीकरण गर्ने निर्णय गरिएको क्षेत्रीय सचिव किरण श्रेष्ठले जानकारी दिए । मुलुक संघीय संरचनामा गएपछि कांग्रेसले सोही अनुरुप भातृ तथा संगठन विस्तारका लागि कांग्रेसको विधान संशोधन भएको छ ।

कोरोना भाइरसका कारण २०७६ फागुन १३ गते निर्धारित कार्यतालिका प्रभावित भएपछि गत असार २२ गते सम्पन्न कांग्रेस केन्द्रीय समितिको बैठकले नयाँ कार्यतालिका सार्वजनिक गरेको हो ।

जस अन्तर्गत साउन १० गतेभित्र संघीय संरचना अनुरुप समायोजन नभएका वार्ड, गाउँ/नगर, प्रदेश समितिहरु समायोजन गरिसक्नुपर्ने, साउन मसान्तसम्ममा क्रियाशील सदस्यता नवीकरण तथा वितरण सम्पन्न गर्ने, भदौ मसान्तसम्ममा क्रियाशील सदस्यता जिल्लाबाट केन्द्रमा पठाउने, असोज १५ भित्र क्रियाशील सदस्यता छानविन प्रक्रिया सकेर मंसीर मसान्तसम्ममा क्रियाशील सदस्यता वितरण सम्पन्न गर्ने कार्यतालिका छ ।

यसैगरी पुस ६ गते वडा अधिवेशन, पुस ८ गते गाउँ/नगर अधिवेशन, पुस ११ गते प्रदेशसभा क्षेत्रीय अधिवेशन, पुस १३ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन तथा एकमात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएका जिल्लामा जिल्ला अधिवेशन, पुस १६ गते एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाको जिल्ला अधिवेशन, माघ ६ गते प्रदेश अधिवेशन र २०७७ फागुन ७, ८, ९ र १० गते केन्द्रीय महाधिवेशन तय गरेको छ ।

१० करोड क्षतिपूर्ति माग गर्दै साम्राज्ञीलाई मुद्दा



अभिनेता भूवन केसीले अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहबिरूद्ध गाली बेइज्जती मुद्दा दायर गरेका छन् ।

शुक्रबार दिउँसो केसीले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको अदालतका सूचना अधिकारी ज्ञानबहादुर कार्कीले जनाए । केसीले शाहसँग १० करोडको क्षतिपूर्तिको मागदावी गर्दै मुद्दा दायर गरेको बताइएको छ ।

गत असार १२ गते अभिनेत्री शाहले सार्वजनिक रूपमै केसीले आफूलाई दुर्व्यवहार गरेको दावी गरेपछि उनीहरूबीच विवाद शुरू भएको थियो । पछिल्लो समय केसीबाट आफू पीडित भएको भन्दै शाहले भिडियो सन्देश सार्वजनिक गर्दैआएकी छन् ।

यसबीचमा केसी र शाहविरूद्ध गहिरो विवाद उत्पन्न भएको थियो । केसी र शाहको पक्ष र विपक्षमा अरू थुप्रै कलाकारहरूले समेत प्रतिक्रिया दिन थालेका छन् । कतिपयले शाहको आरोपलाई 'मी टू' अभियानको श्रृंखलासँग जोडेर पनि व्याख्या गरे ।

कोरोनाको उच्च जोखिममा 'प्रदेश नं-२'

जनकपुर, साउन ५ । कोरोनाको सङ्क्रमण तीव्रगतिमा फैलिएकाले प्रदेश नं. २ उच्च जोखिममा परेको छ । एक सातामा दुई जनाको मृत्यु भएपछि यस प्रदेशमा झनै सन्त्रास देखिएको छ । सप्तरीको सदरमुकाम राजविराजमा एक र पर्साको सदरमुकाम वीरगञ्जका एक जनाको मृत्यु भएपछि कोरोना समुदायमै फैलियो कि भन्ने भय जनमानसमा परेको छ ।

यस प्रदेशमा कोरोना सङ्क्रमणबाट अहिलेसम्म आठ जनाको मृत्यु भएको छ । अहिलेसम्म चार हजार तीन सय २१ जना सङ्क्रमितमध्ये दुई हजार आठ सय ८० जना उपचार गराइ घर फर्किसकेका छन् । वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गराउने क्रममा राजविराजका ७३ वर्षीय वृद्धको यही साउन १ गते मृत्यु भएको थियो ।

श्वासप्रश्वासमा समस्या आएपछि उनलाई धरानस्थित सो अस्पतालमा भर्ना गरिएपछि उपचारको क्रममा मृत्यु भएको थियो । मृतकका परिवारका सदस्यसहित उनको सम्पर्कमा आएका मानिस, छरछिमेकमा सङ्क्रमण पुष्टि भएपछि सन्त्रास फैलिएको हो । त्यसपछि, समुदायमा कोरोनाको सङ्क्रमण फैलिन नदिन स्थानीय प्रशासनले बिहीबारदेखि राजविराजमा निषेधाज्ञा जारी गरेको छ ।

मृतक व्यापारीको छिमेकमै रहेको चियानास्ता पसलका एकै परिवारका चारजनासहित पछिल्लो समयमा २२ जना कोरोनाबाट सङ्क्रमित थपिएपछि थप निर्णय गर्न लागिएको जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरीका निमित्त दुनियालाल यादवले जानकारी दिए । कोरोनाका कारण राजविराजको वडा नं-६ बढी नै प्रभावित देखिएपछि आज जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको बैठक बस्ने तयारी भइरहेको उनको भनाइ छ ।

सुनसान राजविराज

सङ्क्रमण समुदायमा फैलिने सम्भावना देखेपछि बिहीबारदेखि स्थानीय प्रशासनले अनिश्चितकालीन निषेधाज्ञा जारी गरेपछि आज दोस्रो दिन राजविराज बजार सुनसान देखिएको छ । जिल्ला प्रशासन कार्यालयले राजविराज नगरपालिकाभर अर्को आदेश नभएसम्मका निषेधाज्ञा जारी गरेको हो । निषेधित क्षेत्रमा अत्यावश्यक काम बाहेकका सम्पूर्ण आवतजावत, सवारी साधन, पसल बन्द रहने प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्यद्वारा जारी सूचनामा उल्लेख छ ।

स्थानीय प्रशासन ऐन २०२८को दफा ६ (३) र सङ्क्रामक रोग ऐन २०२०को दफा २ बमोजिम राजविराज नगरपालिका क्षेत्रभित्र अनावश्यक हिँडडुल, आवतजावत नगर्न, नगराउन जिल्ला सुरक्षा समितिले निर्देशन जारी गरेको छ ।

बर्षेनि ...

स्वास्थ्यप्रति चनाखो बन्नुपर्ने चिकित्सकको भनाइ छ । नेपालमा क्यान्सर, मधुमेह, मुटु रोग लगायतका बिरामी बढ्दै गएका छन् । क्यान्सर रोगकै कारण मात्रै नेपालमा वर्षेनि १५-२० हजार मानिसको मृत्यु हुने गरेको सरकारी तथ्याङ्क रहेको छ ।

पूर्वका जिल्लामा झापा क्यान्सर रोगको उच्च जोखिममा रहेको चिकित्सकहरुको भनाइ छ । स्वास्थ्य कार्यालयबाट वार्षिक रुपमा पाँच सयभन्दा बढीले क्यान्सर रोगको उपचारका लागि सिफारिस लिने गरेको बताइएको छ । यसले पनि झापामा क्यान्सर रोगीको संख्या उच्च रहेको देखाएको पूर्वाञ्चल क्यान्सर अस्पतालका क्यान्सर रोग विशेषज्ञ डाक्टर वीरेन्द्रकुमार यादवले बताए ।

यसैबीच पूर्वाञ्चल क्यान्सर अस्पतालले छोटो समयमा सयौं बिरामीको उपचार गर्न सफल भएको छ । सन् २०२०को जनवरीबाट आफ्नो औपचारिक सेवा सुचारु गरेको सात महिनाको अवधिमा एक हजार सात सयभन्दा बढीलाई उपचार सेवा दिएको अस्पतालले शुक्रबार पत्रकार सम्मेलनमार्फत जानकारी दिएको छ । अस्पतालका मेडिकल डाइरेक्टर समेत रहेका क्यान्सर रोग विशेषज्ञ डाक्टर यादवले झापामा क्यान्सर रोगका बिरामी धेरै रहेको भन्दै पछिल्लो समय कैलाली, कञ्चनपुर तथा भारतका विभिन्न स्थानबाट समेत बिरामी आउन थालेको जानकारी दिए ।

पछिल्लो समय कम उमेरमै पाठेघरको क्यान्सर समेत देखापर्न थालेको चिकित्सकको भनाइ छ । देशका विभिन्न स्थानमा रहेका क्यान्सर रोगीहरु कोरोना भाइरसका कारण लकडाउन भएपछि उपचारका लागि भारत जान नपाएर पूर्वाञ्चल क्यान्सर अस्पताल आउन थालेका छन् । उनीहरुले पूर्वाञ्चल क्यान्सर अस्पतालमा सोचे जस्तै उपचार पाएको भन्दै खुशी व्यक्त गरेका छन् ।

यस्तै कैलालीको लम्की घर भएकी २० महिनाकी एक नाबालिकाको पूर्वाञ्चल क्यान्सर अस्पतालले सफल उपचार गरेको छ । नाबालिकाको देब्रे आँखाको पछाडिका भागमा क्यान्सर भएर ट्युमर भएकाले आँखै बाहिर निस्कन लागेको अवस्थामा तीन महिना पहिले उपचारका लागि अस्पताल ल्याइएको थियो । उनलाई अस्पतालले सफल उपचार गरेर शुक्रबार घर पठाएको छ । घर पठाउनु अघि पत्रकारहरुसँग कुरा गर्दै डाक्टर यादवले यो निकै संवेदनशील अवस्था भए पनि दक्ष प्राविधिक, उच्च स्तरीय प्रविधि र चिकित्सकको अथक प्रयासमा सफल भएको उल्लेख गरे ।

नाबालिकाको साढे ११ घण्टा लगाएर न्यूरो सर्जरी गरेर शल्यक्रिया गरेको अस्पतालका न्यूरो सर्जन डाक्टर पंकजराज नेपालले बताए । कोरोना भाइरसका कारण लकडाउन रहेको र कैलालीबाट उपचारका लागि आएकी नाबालिकासहितको परिवारलाई उपचार अवधिभर खानबस्नको व्यवस्था मिलाई दिएको अस्पतालका सिईयो निराजन प्रसाईले बताए ।

अस्पतालमा क्यान्सर रोगीहरुको संख्या बढ्दै गएको र सबैले वार्षिक रुपमा आफ्नो स्वास्थ्य चेक गराउनुपर्ने अस्पतालका जनसम्पर्क अधिकारी प्रमिश गिरीले बताए । उनले पूर्वी नेपालका साथै पश्चिम नेपालबाट समेत उपचारका लागि बिरामीहरु आउन थालेको बताए ।

एक घण्टामा ...

युवतीलाई एसिड हानेको भन्ने सूचना प्राप्त भएलगत्तै महानगरीय अपराध महाशाखाका प्रहरी उपरीक्षक होविन्द्र बोगटीको नेतृत्वमा परिसरका प्रहरीसहितको टोली खटाइएको थियो । टोलीले उनीहरूलाई राति १०:४५ बजे गार्मेन्टबाटै पक्राउ गरेको हो ।

उनीहरुले आफू अनुकूलको काम नमानेकाले एसिड हानेको प्रारम्भिक रूपमा बयान दिएको प्रहरीले पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ । एसिड प्रहारबाट गम्भीर युवतीको अहिले कीर्तिपुरस्थित अस्पतालमा उपचार भइरहेको छ । उनको अनुहारलगायत शरीरका विभिन्न अङ्गमा असर पुगेको छ । एसिड हान्ने फैयाज समेत घाइते भएको जनाइएको छ ।

यसरी भएको थियो घटना

प्रहरीले दिएको जानकारी अनुसार युवती विवाहको तयारीमा थिइन् । अर्कैसँग विवाह गर्ने कुरा मोहम्मदलाई मन परेको थिएन । त्यसैले उनले घटना घटाउन पुगेको जनाइएको छ । पहिले पीडित युवतीकी दिदी सोही गार्मेन्टमा काम गर्दा उनीसँग चिनजान भएको थियो । केही वर्षअघि ती युवतीले पनि छोटो समय गार्मेन्टमा काम गरेकी थिइन् । त्यसपछि युवती होटल हायातमा काम गर्दै आएकी थिइन् ।

पूर्वयोजना मुताविक सहयोगी फैयाजलाई बीच बाटोमा एसिड छ्याप्ने तयारी अवस्थामा राखेर बिहीबार मोहम्मदले विभिन्न बहाना बनाई युवतीलाई फोन डायल गरे । निकै कर गरेपछि युवती मोहम्मदले भनेको ठाउँमा आइन् ।

केहीबेर होटलमा बसेर कुराकानी पनि भएको छ । त्यसपछि युवती कोठातर्फ जाँदै गर्दा बीच बाटोमा लुकेर बसेका फैयाजले एसिड हानेको प्रहरीले जनाएको छ । घटनाको अनुसन्धानमा खटिएका महानगरीय अपराध महाशाखाका एक प्रहरी अधिकृतले अर्कैसँग विवाह गर्न लागेकाले एसिड हानेको प्रारम्भिक चरणमा खुल्न आएको बताए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

नि:शुल्क ...

जनालाई क्यान्सरको उपचारका लागि सिफारिस गर्दै आएकाले झापा क्यान्सर रोगका लागि उच्च जोखिममा रहेको डा. यादवको भनाइ छ ।

यता सहारा नेपाल सहकारी संस्थाका जीवन बरदान कार्याक्रम संयोजक भक्तबहादुर खड्काले सहकारीले आफ्ना शेयर सदस्यको उपचारका लागि ६ लाख रुपैयाँसम्म खर्च व्यहोर्दै आएको बताएका छन् । उनले क्यान्सर रोगको उपचारमा पनि सहकारीले खर्च गर्दै आएको र आफ्ना शेयर सदस्यलाई उपचारमा सहज होस् भन्दै पूर्वाञ्चल क्यान्सर अस्पतालसंग सहकार्य गरेको बताए ।

कार्यक्रममा अस्पतालका प्रबन्ध निर्देशक डा. निराजन प्रसाईले अब आफ्ना ठाउँका मात्र नभई अन्यत्र ठाउँका बरामीलाई पनि सहज रुपमा उपचार गराउन पूर्वाञ्चल क्यान्सर अस्पताल सफल भएको बताए । उनले पूर्वाञ्चल क्यान्सर अस्पतालले भारतको मेदान्त, राजीवगान्धीको भन्दा गुणस्तरीय सेवा दिने र शुल्क पनि त्यहाँको भन्दा न्यून खर्च हुने दावी गरे । वीएण्डसी अस्पताल वा पूर्वाञ्चल क्यान्सर अस्पताल परिसरभित्र आएपछि जस्तोसुकै रोगको पनि सहज उपचार गर्न अस्पताल तयार रहेको डा. प्रसाईको भनाइ छ ।

खेतीयोग्य ...

निर्माण गरिएपछि त्यसले मात्र पर्याप्त नहुने स्थानीय तुलसी राजवंशीले बताए । उनले भने- जब वर्षा लाग्छ तब मात्र यहाँका वासिन्दाको दुखेसो सुन्ने काम हुन्छ अरुबेला कसैले पनि झापावासीको दुखेसो नसुन्दा हरेक वर्ष यस्तै सास्ती झेल्नुपर्छ ।

हुलाकी राजमार्ग अन्तर्गत कनकाई माईमा पुल निर्माणका क्रममा सावधानी अपनाउँदा र जनताको तटवन्ध गैडेले थप बाँध समयमा बाँधेको भए झापावासीले डुवान र कटानको समस्या झेल्नु नपर्ने सरोकारवालाको भनाइ छ ।

कनकाईको भंगालो वस्ती पसेका कराण विस्थापित बनेकाहरुलाई तत्कालका लागि स्थानीय तह, विभिन्न संघ-संस्था र दाताले खाने कुराको जोहो गरिदिए पनि खेत बगरमा परिणत भएपछि झापा गाउँपालिकाका सर्वसाधारणलाई चिन्तामाथि चिन्ता थपिएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्कनुहोस् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

कविता

अश्रु

लीना भण्डारी

ए आँसु !
के भनौं तिम्लाइ
आपतमा नि झर्ने,
खुशीमा नि झर्ने ।
हिजो, मेरो
मुटुले ठाउँ छोड्दा
सखा तिमी नै थियौ ।
आज,
मेरो मुटु टुंङ्गामा छ
तिमी नै सखा बनौ ।
कस्तो प्रकृति तिम्रो
हँ ?
काख पनि होइन तिमी
पाख पनि नहुने,
एकैनाशको बसाइ तिम्रो
कहिलै साथ नछोड्ने ।
धन्यवाद दिन्छु तिम्लाइ
यसैगरी बस,
दुःख-सुखमा साथ दिन्छौ
अबिनाशी बन ।
तिम्रो मूल्य तोक्ने मेरो
अधिकार हैन,
निशानामा नचुक है
सब्यसाची बन ।

- धुलाबारी, झापा

वियोगमा

बोली त्यो रसिलो, मुहार हँसिलो न स्वार्थ, सन्ताप क्वै
माया, स्नेह, विवेकको रथ स्वयम् कता आज ख्वै ?
जानै पर्छ भनी बुझ्यौ र त भन्या 'म मारूनी नाच्तिन'
यात्री ! शीघ्र सम्हाल स्वार्थ पथको गन्तव्य स्वर्गाशन ।

– कमल पौडेल

गजल

सञ्जु निरौला

पहिला आफै भन्नुभो रमाउन एकान्त हुनुपर्छ ।
प्रेम भएपछि वियोग होइन संयोगान्त हुनुपर्छ ।

अहिले भन्दैहुनुहुन्छ तपाईं मलाई भुलिदेउ भनेर
हेर्नुस् अब भुल्नका लागि त मेरो देहान्त हुनुपर्छ ।

न तपाईले मलाई बुझ्नुभयो न मैले बुझे हजुरलाई
भनेकै हुँ नि सृष्टिमा प्रेम गर्नलाई लेखान्त हुनुपर्छ ।

पहिले प्यारमा हुँदा सम्झाउने ख्याल गर्ने गर्नुहुन्थ्यो ।
अब अविरल रूपमा त्यो माया मलाई नितान्त हुनुपर्छ ।

कथा

नमरी बाँचे कोरोनाले साँचे साइँली ! चाँडै भेटौंला

भुवन तामाङ

कोरोना आयो साँइली त्यै भर आइरन पाइनँ । तिमीलाई पोल्टा भरिभरिको मुया पिर्ती दिन पाइनँ । के असत्ती र'छ हाउ यो कोरोना भाइरास । आँखाले देख्न नसकिने ढुँडीले गर्नुगर्यो दुनियालाई । बरु कुकुर बिरालोसँग बस्न मिल्ने तर, मुन्छे मुन्छे भेट्न, बस्न नमिल्ने बनायो । हाव ! कस्तो दशा लाग्यो मुन्छेहरुलाई । सँगसँगै नारिएर मुया पिर्ती नि लाउन नपाइने । यो कस्तो बेथिति बसाल्यो पापी कोरोनाले ।

कोराना त आयो आयो । त्यै माथि महा बर्खा लागेर खोला, नदी, नाला, खहरे र झरना उर्लेर थामि नसक्नु भा'को छ । हिउँदमा कमिला हिँड्ने खोलामा बर्खामा भेल बाढी उर्लेको छ । काल खोज्नु मात्तै हो बर्खामासाको खोलामा पस्नु भनेको । नत्र त म आइ जान्थे नि मेरी साइँलीलाई भेट्न । यसो टडाई गरुँकी जस्तो त लाग्छ नि खोला तर्न । तर, मलाई खोलाले बगाइ गयो भने तिमीलाई पर्नु पीर परिजाला । रुएर सिन्को भइजाउली । साइँली ! झुक्केर पनि तिमीलाई आँशु कोशेली दिन चाहन्छ । अब तिमी नै बिछोडमा रोइजान्छौ भने त म के गर्नु ? तिमीलाई भेट्न पाए त झुम्के रुमालले पुछि दिन्थें मानेको पातमा अडिएका शितका थोपा जस्ता तिम्रो आँखाका आँशुहरु । तर, मलाई थाहा छ तिमी निक्कै जब्बरको छयौ भनेर । तिमी हत्तपत्त रुने मुन्छे होइन, तर मुन्छेको जात मुया पिर्ती भनेसी तुरुक्कै आँशु झरी जाँदो र'छ । हेर न होइ यी तिमीलाई सम्झँदासम्झँदै म पनि रुनै आँटिछु । तर, मुन्छेहरु भन्छन् लोग्ने मुन्छे भर रुनु हुन्न ।

खोलाको डिलमा उभेर हेर्छु कतै खोला घटिहाल्छ कि भनेर तर सिङ्ग र जुरो पलाको डरलाग्दा धमिला भङ्गालाहरु छङ्गछङाएर ओरोलो कुदेका कुदेइ छन् । कहाँ पुग्नु हतार भाको होला । कतिको उठिबास पारिसको । कतिलाई बगाएर मारिसको । मानौ बर्खे भेललाई मुन्छेसँग रिस उठेको छ । मुन्छेको छाप्रो, झुप्रोहरुसँग रिस उठेको छ । गरीबसँग दुश्मनी छ । खेतबारीसँग दुश्मनी छ । भर्खरै रोपेको धानको रोपो बगाको छ । डुबाएर मारेको छ । मानौ उसलाई बाटोहरुसँग रिस उठेको छ । राजमार्ग बगाको छ । राजमार्गमा घरभन्दा ठूला चट्टान ठड्याइदिएको छ । सायद मुन्छेहरु हिँडेको बर्खालाई मन पर्दैन । पुलहरु बगाको छ । केही देख्नै नहुने भो सबै बगाएर लाँदो छ ।

जताततै मिसिन लगाएर बाटो खनेसी पहिरो आको भन्छन् मुन्छेहरु । खोला, नदी हिँड्ने बाटामा मुन्छेका बस्ति र विकास पसेसी बर्खामा बाढी नपसेर के पस्छ त ? भन्छन् बुढापाकाहरु ।



जमिन, हावा, पानी बिगार्ने विकास गरेसी बिनाश नभएर के हुन्छ त ? भन्छन् ज्येष्ठहरु ।

गोडा बारेक खोला तरेसी मात्तै तिम्रो गाउँ भाको पहाड आइपुगिन्छ । कुनै न कुनै खोलाले त मलाई बगाइहाल्ला । तर, साइँली ! जस्तोसुकै भेल आए पनि म कोशी खोला भने तर्न सक्छु । मैले तिमीलाई जति पल्ट भेट्न आँए त्यति पल्टै कोशी तरेर आ'को छु । कोशी मातालाई थाहा छ हाम्रो मुया पिर्ती । जय कोशी माता भनेर बाँकटे हानेसी एकैछिनमा पारी डिलमा ।

कोरानाले रमितै पो पारो साइँली । बाली खाला भनेर बस्तुभाउको मुखमा बाँसको चोयाको म्वालो लाइँछ । तर, कोरोनाले गर्दा मुन्छेलाई नै म्वालो जस्तो मास्क लाउने बनायो । परिपरिको म्वालो । कुनै सेतो, कुनै कालो, कुनै रातो, कुनै हरियो, कुनै धर्के, कुनै छिरबिरे, कुनै आँखी भ्याल भा'को म्वालो । मुन्छे चिन्न अब निधार चिन्नु पर्ने भो । कि त हिँडाइको चाल, कि त कपाल, कि त कान चिन्नु पर्ने भो । कि त बोली सुन्नु पर्ने हो । कि त कुन चैं घरमा छिर्दो र'छ भनेर च्याउनु पर्ने भो ।

म्वालो लाएसी अरुले बोल्दा गनाउने सास चाहिँ सुँघ्नु नपर्ने भो । त्यो चाहिँ राम्रै भो तर आफ्नै गनाउने सास सुँघेकोसुँघेइ गर्नु परेर पो सारो परो । म्वालो लाएसी पैसा चैं बच्दो र'छ । कसरी भने, म्वालो खोलिरहन झन्झट हुने भएसी अम्मल खाने बानी चैं च्वाट्टै भो । म्वालो नलगाउँदा धेरैसँग बिनाबिच्चमा बोलिरहनु पर्थ्यो । ट्याम्को नाश । म्वालो लाएसी त चिन्नै गाह्रो अनि कसैसँग बोल्नै परेन । कति आनन्द । तर, म्वालो लाएसी कुकुरले भुकेर चैं हैरान पारिसको । घरमा काखे नानीहरु तर्सेर सातै गइसक्यो । धामीलाई चामल, डिम्मा र पैसो दिँदा दिँदा जोगी भै सकियो ।

अर्कोतिर म्वालोले मान्छेको कान डाडुकाने बनाइसको । म्वालोको जुइनाले कानको लोती तान्दा-तान्दा कान कोप्रिएर डाडु जस्तो पारिसक्यो । डाम बसेर, दुखेर हैरान । यो म्वालोको उपद्रो यति मै कहाँ सकिने र'छ र ? यसले त सबैको नाक थेप्चो पारिदिइसको । चुच्चे नाकहरु म्वालोले थिच्दा-थिच्दा त भ्यागुताको ढाड जस्तो सम्म बनाइदिइसको । पहिल्यै थेप्चे नाक चप्लेटी ढुङ्गा बनाइदिइसको ।

म्वालोले साइँली ! तिमी जस्तै तरुनाहरुलाई पार्नु पीर पार्यो होइन त ? ओठमा लाली घसेर राम्री हिरोनी बनेर हिँड्न नदिने भो । म्वालोले ढपक्कै छोपेसी ओठमा कस्तो लाली घसेको छ ? भनेर केही नदेखिने भो । गालाको पाउडर पनि छोपिदिने भो । सुन्दरताको परिभाषा नै चेन्ज गरिदियो कोरोनाले । लाली बेच्नेहरुलाई सुकुम्बासी बनाइसको कोरोनाले । होइन त साइँली ?

साइँली तिम्रो पहाडका खेतहरुमा पनि यतिबेला रोपाइँको चटारो होला होइन त ? तिमी पनि धानको बिउ काड्दै होउली । तिमी पनि धान रोप्दै होउली । असारे गीतको भाका हाली-हाली गाउँदै होउली । सिमसिम पानीमा रुझ्दै । पानीले रुझेको आफ्नै जीउको महक र हिले खेतको गन्धको मीठास महशुस गर्दै साथी संगतीहरुसँगै छुपुछुपु धानको रोपो रोप्दै होउली ।

आच्यै होइना हाउ मुबाइलमा मुसेज थुप्रो पो ठुँगेछु त ? अरु मुसेज मुबाइलमा अँट्दैन होला । मेरो मुसेज पाउने बित्तिकै तिमीले नि मुलाई मुसेज गर है साइँली !

रोपाइँ सकेपछि, बर्खे झरी थामेसी, अक्काश खुलेर नीलो भएसी, खेतमा सड्लो पानीमा हरियो धानको गाभो हुर्केपछि । त्यसको बासना हावामा छरिएपछि कति आनन्द हुन्छ होकी साइँली ? खोलानालामा पनि कलकल सड्लो पानी बग्छ । कोशी पनि निलो देखिन्छ । अनि त्यै बेला भेट्न आउँछु है साइँली । सरखारले लकडाउन खुलायो भन्छ । अब त डाँडा बजारको हाट नि लाग्छ होला । डाँडा बजारमा धित मरुन्ज्याल घुमौला । मुया पिर्ती साटौंला ।

के-के किनी खाऔंला । चोचो-मोचो जोरेर धेरै-धेरै कुरा गरुम्ला । मरुन्ज्याल हाँसुम्ला । तिमीलाई मुन पर्ने कोशेली दिउँला । तर, साइँली कोरानाबाट बच्ने नियम चैं मानिराख है । मुइले पनि नियम मानिरा'छु । नत्र तिमीहामी कसोरी भेट्न पाऔंला र साइँली ? लकडाउन खुले पनि कोरोना सकिएको छैन रेन्त ! लु है त साइँली ! नमरी बाँचे कोरोनाले साँचे चाँडै भेटौंला । आइलेलाई एत्ती । उही तिम्रो चुइँस्स परेको चुइँसे साइँलो ।

धार्मिक र वैज्ञानिक दृष्टिमा नाग पञ्चमी

आजको विश्व मानव जो जहाँ पुगे पनि त्यसको मूल श्रेय हाम्रो पूर्वीय दर्शन वेदादी शास्त्रले नै पाउनु पर्दछ । किनभने यो विज्ञानको पनि विज्ञान हो । यद्यपि वर्तमानका धार्मिक मानवहरुले यसको वैज्ञानिक तथ्य खुलाउन नसके पनि वैज्ञानिकहरुले भने नाग तथा सर्प जातिको विशेष महत्व विश्वसामू राखिसकेका छन् । यही परिप्रेक्षमा यो पंक्तिकार पनि आफ्नो ढंगले बुझेका सार विषय संक्षेपमा राख्न चाहन्छ ।

विशेष गरेर सनातनी आध्यात्मिक मूल्य-मान्यतालाई धेरै तिथि र पर्वहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यिनै तिथिहरुका समयका पिञ्जडाभित्र मानवका दुई दिन जन्म र मृत्युहरुले पनि निरन्तरता पाइरहेका छन् । त्यसमा पनि आजको मेरो विषय पञ्चमी तिथि र नाग महिमा भएको हुनाले म त्यतातिर मात्र फर्कन चाहन्छु । पञ्चमीमा पनि श्रावण महिनाको नाग पञ्चमी तिथि अलि बढी महत्वको पाइन्छ । संसारका विषैला वस्तुहरुलाई पान गरिदिएर हामीले लिने हावा अर्थात् अक्सिजनलाई शुद्ध गरी दिएर प्राणी अस्तित्वलाई जीवन दिने काम नाग तथा सर्प जातिहरुले गरी दिएका कारण पनि भगवान ब्रम्हाले नाग तथा सर्प जातिको सृष्टि गरेर अभयदान दिएको दिन पनि यही पञ्चमी तिथिलाई नै मानिएको हुँदा यो दिन विशेष महत्वको छ । अनि जन्मेजयले गरेको विशाल सर्प मृत्युयज्ञबाट सम्पूर्ण नाग र सर्प जातिलाई आस्तिकमुनिले बचाएको दिन पनि पञ्चमी नै परेको हुनाले यो तिथिलाई नाग वंशका लागि कल्याणकारी तिथि मानिन्छ । यो दिन विश्वका धेरै समूह र जातजातिले नागहरुको पूजा आराधना भव्यरुपले गरेको पाइन्छ । वर्तमानमा लोप भई सकेको निकै वैज्ञानिक मायावी सभ्यताका मानिसहरुले समेत सर्प तथा नाग जातिको भव्य सम्मान गरेको पाइन्छ ।

नागहरु द्येव जातिका समूहमा पर्दछन् । यी हेर्दा सर्प समूह जस्तै देखिए पनि केही भिन्नता छ । अष्ट नागको महिमा पृथकरुपमा राखिए पनि नागहरु धेरै प्रजातिमा पाइन्छन् । विशेष गरेर यदुर्वेद, महाभारत, भविष्यपुराणदेखि सबै पुराणहरुमा नाग महिमा सुन्न पाइन्छ । यो यत्तिकै राखिएको भने पक्कै होइन । यो संसार विष र अमृतले भरिएको छ । समुन्द्र भनेको संसार हो । देव, दानव भनेको दिन र राति, जन्म मृत्यु प्रवृत्ति र निवृत्ति, सुख र दुःखलाई संक्षेपमा लिन सकिन्छ । यो जीवन दर्शनको बृहद शुभकार्यमा पनि नागलाई मध्यस्त बनाइएको छ यी विष र अमृतले भरिएको ब्रम्हाणलाई सुखद् उपयोगी बनाउने युगान्तकारी संकल्पका साथ परमात्माले पञ्चमी तिथिका दिन नाग

भानु शिवाकोटी

तथा सर्पहरुको सृष्टि गर्नुभयो भन्ने प्रमाण दर्शन शास्त्रहरुमा पाइन्छ । अनि समुद्र मन्थनबाट वातावरणमा फैलिएको विषपान गर्न आज्ञा दिनुभयो । नागहरुले पनि सो आज्ञा मानेकै कारण विशैला जातिमा परेका हुन् । जो आजसम्म पनि नाग तथा सर्प जातिहरुले निरन्तर पालना गरिरहेका छन् । अन्य प्राणी जगतलाई जीवनदान दिइरहेका छन् । वायुबाट, पृथ्वीबाट, जलबाट र अग्निबाट निस्केको विष सर्प जातिहरुले पान गर्ने र सूर्यबाट, आकाशबाट निस्केन विषय अर्थात् भाइरस (जिवाणुहरु) नागहरुले पान गरेर यो संसारका प्राणीहरुलाई अमृतको भागी बनाई दिएको हुँदा, कृतज्ञता स्वरुप सनातन धर्मले नाग जातिको पूजा आरजना गर्दै आएको हो ।

त्यसैले नमोस्तुः सर्पभ्यः भनेर वेदमा पनि भनिएको छ । अरु अघिका महामानवहरुका जीवन पढ्दा र हेर्दा पनि लामो आयुसँग नाग तथा सर्प जातिको तादभ्यता पाइन्छ । जस्तो भगवान शिवले गलामा धारण गर्नु, भगवान विष्णुले सयन बनाउनु, गणेशजीले जनैको रुपमा धारण गर्नु आदि धेरै-धेरै छन् । यही भएर पनि नाग तथा सर्प जाति अनि पञ्चमी तिथि विज्ञान र धर्म दुबैतर्फबाट स्वीकारोक्त छ । हामीले वर्तमानमा पनि सुन्यौं कि केही समय पहिला मलेसिया देशमा सम्पूर्ण सर्पहरुलाई खोजीखोजी समाप्त गर्ने काम गरियो । तर, त्यसको केही समयपछि त्यहाँ हजारौं प्रकारका रोगहरु निस्किए । त्यसको खोजी हुन थाल्यो । निधानतः सर्प नभएको कारण यी भाइरसहरुले मानवलाई रोगको शिकारमा बनाएको तथ्य बाहिर आएपछि फेरि अन्य मुलुकबाट प्रशस्त सर्प भित्र्याइयो । त्यसपछि ती रोगहरु क्रमशः हराउँदै गए । यसबाट पनि पुष्टी हुन्छ कि नाग तथा सर्प जातिको महत्व प्राणी समाजमा कति ठूलो रहेछ भन्ने कुरा हो । हाम्रो पञ्चमी तिथिले पनि प्रत्यक्ष अप्रत्यक्ष रुपमा नाग तथा सर्प जातिहरुको सम्मान र सुरक्षा गर्नु भनेको । समग्रमा भन्नुपर्दा जसले लामो जीवन जिएका छन् तिनका नजिकमा सर्प या नागहरु छन् । अझ वैज्ञानिक भाषामा भन्नुपर्दा भाइरस तथा जिवाणुहरु नाग र सर्पहरुले खाइदिँदा रहेछन् र मानव तथा देवताले लामो जिन्दगी पाउँदा रहेछन् । यस मानेमा पनि यो तिथि र नागको महत्व छ ।

यो त भयो नाग तथा सर्प जातिको संक्षिप्त परिचय र पञ्चमी तिथिको महत्व । अब लागौं पूजा र ब्रतबिधितर्फ :

यो तिथिको पूजा तथा ब्रतबिधि भन्नुपर्दा अघिल्लो दिन अर्थात् चतुर्दशीकै दिनदेखि शुरु गर्नु पर्दछ । अनि यो मन्त्र जप गर्नुपर्छ । ॐ कालीं नाग देवता हुँ फट स्वाहा । अनि भोलिपल्ट पञ्चमी तिथिका दिन विभिन्न सामग्री, सुगन्धित पुष्प, चन्दन, अक्षता, धूप, नैवेद, गाईको काँचो दूध लगायत सामग्रीद्वारा पूजा गर्नु पर्दछ । त्यसपछि नाग प्रतिमाहरुमाशुद्ध गाईको काँचो दूग्धधारा दिनु पर्दछ । यसरी विधिपूर्वक पूजा गरिसकेपछि सबै आकाश, पाताल र सबै दिशमा रहेका नागहरुलाई सम्झिएर केही समय ध्यान गर्नु पर्छ । ध्यान पश्चात यी मन्त्ररु उच्चारण गरेर नागको पूजा विसर्जन गर्नुपर्छ ।

सर्वे नागाः प्रियन्तांमे ये केचितः पृथ्वी तले
इ चः हेलिमरी चिस्था ये न्तरे दिवें संस्थिताः
इ नदिषु महानागाः ये सरस्वती गामिनः
ये चः वापितडागेषु सर्वोष वै नमः

त्यसपछि यथासक्य ब्रम्हाण दक्षिण तथा खिरको भोजन ब्रम्हाण तथा पुजारीलाई गराएर आफूले पनि शुद्ध निरामाष भोजन गर्नु पर्दछ । अन्ततः बासुकी, शंखा, पद्म, कम्बरल, कर्कोकट, अश्वतर, धृतराष्ट्र, शंखपाल, कालीया, दक्षक र पिंगला यी १२ नागलाई क्रमशः गरेर १२ महिनामा पूजा गर्नु पर्दछ । तब मात्र नागको ब्रत पूरा हुन्छ । त्यसैले यी विविध कारणहरुले गर्दा धार्मिक तथा वैज्ञानिक दुबै दृष्टिकोणले पञ्चमी तिथि र नाग महिमाको निकै ठूलो महत्व झल्कन्छ । यसै सन्दर्भमा पूर्वको पशुपतिनाथ अर्जुनधारा धाममा अवस्थित नाग मन्दिरमा बर्षेनि नाग पञ्चमीको अवसरमा ठूलो पूजा आरधाना हुने गरेको छ । शिवाकोटी वंशहरुको कूल देवताको रुपमा मान्दै आएको कालीया नागको पूजा नाग पञ्चमीका दिन बन्धुबान्धवहरु भेला भएर अर्जुनधारामा धुमधामसँग मनाउने गरेका छन् । यसअघि शिवाकोटी वंशहरुले अर्जुनधारामा नाग पञ्चमीका दिन पूजा आर्जा मात्र नभएर विभिन्न सामाजिक कार्यहरुसहित नागको पूजा आरधना गर्ने गरेका थिए । आचार्य पण्डित पुष्पलाल निरौलाको अगुवाईमा श्रावणी पर्व तथा नाग पूजा धुमधामसँग मनाउने चलन थियो । तर, आचार्य पण्डित पुष्पलाल निरौलाको स्वर्गारोहणपछि भक्तजनहरुले श्रावणी पर्व तथा नाग पञ्चमीका समयमा अर्जुनधारा धामले गुरु पुष्पलाललाई गुमाउँदाको पीडा र उहाँ बिनाको श्रावणी पर्व तथा नाग पञ्चमी अधुरो महशुस गर्ने गरेको पाइन्छ ।

अर्जुनधारा धाममा अहिले पनि श्रावणी पर्व र कालीया नागको पूजा धुमधाम हुने गरेको छ । हाम्रो प्रकृतिलाई दुषित वातावरणबाट बचाई हामी प्राणी जातिलाई लामो समयसम्म बाँचिरहनका लागि सहयोग गर्ने नाग तथा सर्प जातिहरुको संरक्षणमा हामी सबैले जुट्नुपर्ने आजको आवश्यकता छ । केही गर्न नसके पनि वर्षमा एकपटक हामीले नाग देवताको पूजाआजा गरी नागहरुको सम्मान गर्नु हामी सबैको कर्तव्य हुन जाने विश्वास प्रकट गर्दछु ।

(शिवाकोटी पूर्वाञ्चल दैनिकका प्रकाशन सहयोगी तथा अञ्जली ओभरसिजका प्रबन्ध निर्देशक हुन् ।)

नरबहादुर कर्माचार्यको स्मृति दिवस

बिर्तामोड, साउन ५। नेपाल कम्युनिष्ट पार्टीका संस्थापक नेता नरबहादुर कर्माचार्यको सातौं स्मृति दिवस झापामा मनाइएको छ।

नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान बिर्तामोड-४ झापाको आयोजनामा अर्जुनधारा-६ कप्तानवारीस्थित अपाङ्ग बालशिक्षा सरोकार केन्द्रमा नरबहादुर कर्माचार्यको सातौं स्मृति दिवस मनाइएको हो। नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान बिर्तामोड-४ झापाका अध्यक्ष ज्योतिसिंह दर्लामीको अध्यक्षता तथा अर्जुनधारा नगरपालिकाका मेयर हरिकुमार रानाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा अपाङ्ग बालशिक्षा सरोकार केन्द्रका अध्यक्ष कृष्णदेव दुलालले स्वागत गरेका थिए।

कार्यक्रममा अर्जुनधारा नगरपालिकाका मेयर हरिकुमार राना, अर्जुनधारा-६ का वडाध्यक्ष लोकनाथ गौतम लगायतले नेपाल कम्युनिष्ट पार्टीका संस्थापक नेता नरबहादुर कर्माचार्यको योगदानको बारेमा चर्चा गर्दै कर्माचार्यले देखाएको बाटोमा हिँड्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान बिर्तामोड-४ झापाले नरबहादुर कर्माचार्यको सातौं स्मृति दिवसको अवसर पारेर अपाङ्ग बालशिक्षा सरोकार केन्द्रमा रहेका अपाङ्गता भएका बालबालिकाहरुलाई खाद्यान्न सामग्री वितरण गर्नुका साथै नगद समेत प्रदान गरेको थियो।

कार्यक्रममा नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान बिर्तामोड-४ झापाका सञ्चालकहरु विष्णुप्रसाद चुडाल, जनबहादुर जबेगू, अर्जुनधारा-६ का वडासदस्यहरु अर्जुन मेचे, टुम्मनाथ काफ्ले, माया खाती, लक्ष्मी महतारा, नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानका लेखापाल मिलन पोखरेल, सह-लेखापाल सौरभ भट्टराई, तारा न्यौपाने, मनुराम चिमरिया, दिवाकरलाल चौधरी लगायतको सहभागिता रहेको थियो।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक नेता नरबहादुर कर्माचार्यको स्मृतिमा २०७६ सालमा झापाको बिर्तामोड-४ मा नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान झापा शाखा स्थापना गरी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटीइभिटी)सँग सम्झौता गरेर एक सय ८० जनालाई निःशुल्क कम्प्युटर शिक्षा, व्युटिशियन, सिलाईकटाई, मौरीपालन, वाखापालन, बेमौसमी तरकारी खेती, पशु स्वास्थ्य कार्यकर्ता तालिम प्रदान गरेको नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान बिर्तामोड-४ झापाका अध्यक्ष ज्योतिसिंह दर्लामीले बताए।

त्यस्तै नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान झापाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटीइभिटी) सँग सम्झौता गरेर एसईई परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरुका लागि तीन वर्षे डिप्लोमा तहका बाली विज्ञान, पशु विज्ञान, वन विज्ञानका कोर्षहरु सञ्चालन गरिने उनले बताए। कार्यक्रमको सञ्चालन नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान बिर्तामोड-४ झापाका सचिव जयप्रसाद भट्टराईले गरेका थिए।

८१ वटा मुद्दा दर्ता, ४६ वटा मिलापत्र

लक्ष्मी उप्रेती

काँकरभिट्टा, साउन ५। आर्थिक वर्ष २०७६/०७७ मा मेचीनगर नगररपालिकाको न्यायिक समितिले चारवटा मुद्दा आवश्यक कारवाहीका लागि अदालत र जिल्ला प्रशासन कार्यालय पठाएको छ।

त्यो वर्षको चैत ११ गतेसम्म वडास्तरीय मेलमिलाप केन्द्रले पठाएको समेत गरी विभिन्न प्रकृतिका ८१ वटा मुद्दा समितिमा परेको समिति संयोजक एवम् उपप्रमुख मीना पोखरेल उप्रेतीले बताइन्। ती मध्ये जिल्ला प्रशासन कार्यालय झापा र जिल्ला अदालत झापामा दुई-दुई वटा मुद्दा पठाएको हो।

सोही अवधिमा ११ वटा तामेलीमा रहेको तथा दुईवटा मुद्दा ढिसमिस भएको समितिका कानून अधिकृत भुइदल राईले बताए। उनले वडा कार्यालय मेलमिलाप केन्द्रबाट न्यायिक समितिमा विभिन्न प्रकृतिका १० वटा मुद्दा दर्ता भएको बताए।

न्यायिक समितिको इजलासमा मुद्दा पेसीको दिन न्यायिक समितिको बैठक संख्या, मुद्दाको प्रकृतिको किसिम कारवाही किनारा र मिलापत्रका आधारमा बितेको आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न प्रकृतिका ४६ वटा मुद्दाहरु जग्गा फुकुवासहित मिलापत्र भएका छन्। गत आर्थक वर्षमा सबैभन्दा बढी जग्गा सिमाना विवादका १६ वटा मुद्दा दर्ता भएका थिए।

त्यसैगरी जन्म र विवाह दर्ता, अंश विवाद सम्बन्धीका दुई-दुई वटा, गाली बेइज्जती र दुर्गन्धित सुँगुरको खोर र पोल्ट्री फर्म हटाउने तीन-तीन वटा घर जग्गा फुकुवा, कुटपिटका चार-चार वटा, श्रीमान्-श्रीमतीको घरायसी विवाद, मानाचामल सम्बन्धीका पाँच-पाँच वटा, लेनदेन व्यवहारका १४ र बाटोघाटोका छ वटा मुद्दा दर्ता भएका थिए। नगरपालिकामा न्यायिक समिति गठनपछि दर्ता भएका कूल मुद्दामध्ये दुई सय ११ वटा मिलापत्र भएका छन्।

कोभिड-१९ को संक्रमण फैलन नदिन र नियन्त्रण गर्ने उद्देश्यले नेपाल सरकारले घोषणा गरेको लकडाउनको अवधिमा मेचीनगर नगरपालिकाको न्यायिक समितिमा चैत ११ गतेपछि कुनै मुद्दा नपरेको समितिले जनाएको छ। लकडाउनका कारण सबैतिरको जनजीवन प्रायः ठप्प भएको र सबै आ-आफ्नै घरभित्र रहेकाले यस्ता आपराधिक गतिविधिमा कमी आएको समिति संयोजक एवम् उप्रमुख उप्रेतीको भनाई छ।

हरेक दिनजसो कुनै न कुनै विषयका मुद्दा दर्ता हुन थालेपछि समितिले साताको दुई दिन सोमबार र बिहीबार दुबैपक्षलाई राखेर छलफल गराउने दुई दिन पर्याप्त नभए

अन्य दिन पनि सुनुवाइको व्यवस्था मिलाएको थियो। तर, सरकारले लकडाउन घोषणा गरेयता न छलफल चलेको थियो न इजलास नै। विश्वमा कोभिड-१९ को संक्रमण बढ्दै गएपछि नगरपालिकाले मानिसको अनावश्यक भीडभाड हुने भन्दै लकडाउन घोषणा हुनु दुई दिनअघि इजलास बन्द गरेको समिति संयोजक एवम् उप्रमुख उप्रेतीले जानकारी दिइन्।

लकडाउनले मानिसका गतिविधिलाई घरभित्रै सिमित गर्ने गरिएका बेला विगतका भन्दा अहिले यस्ता घटनामा कमी आएको पोखरेलको भनाई छ। नयाँ संविधानले स्थानीय सरकारलाई २२ प्रकारको विशेषाधिकार प्रदान गरेको छ। जसमा न्यायिक समिति पनि एक हो।

बुद्धशान्तिमा जेसीज वन

बुधबारे, साउन ५। बुधबारे जेसीजले बुद्धशान्ति-१ को भोटेटारमा जेसीज वन निर्माण गरेको छ।

चार दशमलव दुई हेक्टर क्षेत्रफलमा वन निर्माण गरिएको बुधबारे जेसीजका अध्यक्ष नन्दकुमार याफु राईले बताए। उक्त क्षेत्रमा वृक्षरोपण गर्दै निर्माण गरिएको वनमा सात सयभन्दा बढी विभिन्न जातका बिरुवा रोपिने बुधबारे जेसीजका सचिव अनिल वाग्लेले बताए।

बुधबारे जेसीजका अध्यक्ष नन्दकुमार याफु राई, जिल्ला वन इलाम रोडका सब डिभिजन अधिकृत इन्द्रदेव यादव, बुद्धशान्ति- १ का वडाध्यक्ष भीमकुमार नेवार, तीन तले सामुदायिक वन समिति उपाध्यक्ष शरद मगर, सचिव छत्रकुमारी फुँयाल, वन रक्षक इन्द्रप्रसाद खतिवडा, सशस्त्र वन रक्षक इन्द्र तामाङ, बुधबारे जेसीजका पूर्व अध्यक्ष रमेश बराल, कानूनी सल्लाहकार मुकेश भट्टराई, कार्यकारीणी उपाध्यक्ष गजुहाङ योङहाङ, उपाध्यक्ष सुजीत बराल लगायतको सहभागिता रहेको महासचिव दीपेन सिटौलाले जानकारी दिए।

वृक्षरोपण कार्यक्रममा तीन तले सामुदायिक वन उपभोक्ता समिति बुद्धशान्तिको पनि सहभागिता रहेको थियो। यो संगै नेपालमा जेसीज वनको संख्या ११ पुगेको बताइएको छ।

पशुमा 'लम्पी स्किन डिजिज'

दमक, साउन ५। झापामा पशुहरुमा 'लम्पी स्किन डिजिज' रोगको प्रकोप बढेको छ। यो पशुचौपायमा लाग्ने एक प्रकारको छालाको रोग भएको बताइएको छ। केही दिनअघि जिल्ला विपद् व्यवस्थापन समिति झापाको बैठकमा यस बिषयमा छलफल भएको थियो।

प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरको अध्यक्षतामा बसेको बैठकले यो रोगको संक्रमण रोक्नका लागि समयमा नै सचेतता अपनाउने निर्णय गरेको छ। यस रोगको बिषयमा शर्तकता अपनाउनका लागि सबै पालिकाहरुलाई सचेत गराउने र आम सञ्चारमाध्यमको प्रयोग गरेर रोगको बिषयमा किसानहरुलाई जानकारी गराउने निर्णय भए अनुसार सचेत गराईएको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ। यो रोगले महामारीको रुप नलियोस भनेर स्थानीय पालिकाहरुको ध्यानाकर्षण गराउँदै तत्काल आवश्यक सावधानी अपनाउनका लागि भनिएको प्रमुख जिल्ला अधिकारी मगरले जानकारी दिए।

दमक नगरपालिकाका पशु चिकित्सक गणेश प्रधानका अनुसार विशेष गरेर गाई तथा गोरुहरुमा यो रोग देखा परेको छ। यसको खास उपचार तथा खोप नभएकाले लक्षणका आधारमा उपचार गरिँदै आएको उनले बताए। कुनै पशुलाई ज्वरो आउने देखिएको भएता पनि केही पशुहरुमा कुनै लक्षण देखिँदैन। पशुहरुको छालामा फोका तथा गिर्खाहरु आउने गरेको छ।

'डराउनुपर्ने र महामारीको अवस्था भने आएको छैन' -प्रधानले भने- 'सचेत र शतर्कता भने अपनाउन आवश्यक छ।' यस बिषयमा दमकमा नै जिल्लास्तरीय छलफल पनि भएको प्रधानले जानकारी दिए। महामारीको रुप भने नलिएको छलफलको निष्कर्ष रहेको बताउँदै उनले केही पशुहरुमा लक्षण देखिएकाले सूक्ष्मरुपमा निगरानी राखिएको जनाए।

गाईगोरुले कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने, शरीरहका बिभिन्न ठाउँहरुमा गिर्खाहरु आउने, उच्च ज्वरो, दूध उत्पादनमा ८० प्रतिशतसम्म कमी, गर्भ तुहिन सक्ने र पछि महिनौ बाँझोपन देखिन सक्ने यसका लक्षणहरु रहेको जनाइएको छ। पहिला अफ्रिकामा सिमिति यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण पूर्वी युरोप, रसिया लगायतका मूलकमा देखिएको बताइन्छ।

मोरङमा राष्ट्रिय परिचय पत्र वितरण

मोरङ, साउन ५। मोरङ जिल्लामा राष्ट्रिय परिचयपत्र वितरण शुरु गरिएको छ। जिल्ला समन्वय समितिका प्रमुख नरेश पोखरेल र विराटनगर उपमहानगरपालिका उपप्रमुख इन्दिरा कार्कीले जिल्ला प्रशासन कार्यालय मोरङमा फोटो खिचेर राष्ट्रिय परिचय पत्रको दर्ता गर्ने कार्य शुरु गरेका हुन्।

प्रदेश नं. १ का प्रमुख सचिव दिनेश भट्टराईले सरकारले प्रदान गर्ने सेवालाई सहज र पारदर्शी बनाउन परिचयपत्र प्रभावकारी हुने बताए। परिचयपत्रका लागि १६ वर्ष उमेर पुगेका सबै नेपाली नागरिकलाई वितरण गरिने लक्ष्य अनुसार दर्ता शुरु गरिएको मोरङका प्रमुख जिल्ला अधिकारी मदन भुजेलले जानकारी दिए।

आगामी तीन वर्षभित्र सबै नागरिकलाई परिचयपत्र वितरण गरिने लक्ष्य सरकारको रहेको छ। यसअघि २४ जिल्लामा सञ्चालित यो कार्यक्रम यही साउनबाट ७७ जिल्लामा शुरु भएको जानकारी दिइयो। चालू आर्थिक वर्षमा मुलुकभरि एक करोड नागरिकलाई परिचयपत्र वितरण गरिने छ। आगामी दिनमा स्थानीय तहको समन्वयमा वडास्तरमै परिचयपत्र दर्ता कार्य गरिने भएको छ।

परिचयपत्र अहिलेसम्म दुई लाख २५ हजार नेपाली नागरिकले पाइसकेका छन्। कार्यक्रममा महानगरपालिका, नगरपालिका, गाउँपालिका प्रमुख, उपप्रमुखसहित विभिन्न राजनीतिक दलका प्रतिनिधिको सहभागिता रहेको थियो।

घर भाडामा

बिर्तामोडको महानन्द चौकमा रहेको तीन कोठाको घर भाडामा छ। भाडा लिन इच्छुकले तु-सम्पर्क गर्नुहोला।

मो. ९८०६००८७३१

बेवारिसे गर्भवती महिलाको उद्धार

दमक, साउन ५। दमकचोक आकाशेपुल आसपासमा केही दिनदेखि अलपत्र अवस्थामा देखिएकी एक गर्भवती महिलाको उद्धार भएको छ।

केही दिन सडकमा नै रात बिताएको देखेको र आफूहरु खाना समेत खुवाएको भए पनि गर्भवती रहेको भन्ने थाहा नपाएको असहाय मानव सेवा समितिकी अध्यक्ष चेतना निरौलाले बताइन्।

गर्भवती रहेको थाहा पाएपछि स्थानीय असहाय मानव सेवा समितिका पदाधिकारीहरुले दमक नगरपालिका उपप्रमुख गीता अधिकारीसँग समन्वय गरेर उद्धार गरेको पनि उनले बताइन्। कस्को गर्भ हो भन्ने थाहा नभएको र महिला मानसिक रुपमा कमजोर रहेको जस्तो देखिएको पनि जनाइएको छ।

सरकारी दमक अस्पतालमा उद्धार गरेर लगिएपछि नर्मल रुपमा महिलाले बच्चा जन्माएपछि उनलाई दमकको 'सेफ हाउस'मा राखिएको छ। उनले दमक अस्पतालमा स्वस्थ छोरा जन्माएकी छिन् र त्यहाँबाट 'डिस्चार्ज' भएर अहिले नगरपालिकाको सेफ हाउसमा नै राखिएको अधिकारीले बताइन्।

दमक नगरपालिकाकी उपप्रमुख एवम् अस्पताल व्यवस्थापन समिति संयोजक गीता अधिकारीका अनुसार आफन्तहरु कोही पनि सम्पर्कमा नरहेका कारण तत्काल नगरपालिकाले बनाएको सेफ हाउसमा सुत्केरी महिलालाई राखिएको हो। लामो समयदेखि सडकमा नै रहेको देखेका स्थानीयहरुले बताएका छन्।

यस बिषयमा इलाका प्रहरी कार्यालय दमकलाई पनि जानकारी गराइएको अधिकारीले जनाइन्। सडकमा भेटिएका र अप्ठेरोमा परेका महिलाहरुको सुरक्षाका लागि दमक नगरपालिकाले सेफ हाउस बनाएर त्यहि राख्दै आएको छ। प्रहरीको सहयोग लिएर आफन्तहरु पत्ता लगाउने र आफन्त भेटिएको अवस्थामा आफन्तहरुलाई जिम्मा लगाइने अधिकारीले बताइन्।

छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि | स्टाम्प (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट

लगातार वर्षदेखि सम्पन्न सम्पूर्ण काम गरिन्छ

लेमिनेशन सिटिजन कार्ड बाहिरको छ, हामिलाई सम्झनुहोस

७ वटा १२ महिना सञ्चालनमा

धिमिरे अफसेट प्रेस बिर्तामोडमा

बुनियादिपुर उत्तरपट्टिको घर

फोन नं. ०२३-५४२१५९,

९८४२६२५३५३/९८१४०३६३४४

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'

सम्पर्क: ०२३-५५०६२०

९८४२६५५७००, ९८०४९३८१००,

९८०७९३०७४०, ९८१७९२९३९४

पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर

गोरखा डिपार्टमेन्ट स्टोर

हाम्रा विशेषताहरु :

- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

गोरखा डिपार्टमेन्ट स्टोर

धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।

उपचार हुने समस्याहरु :

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - इच्छाशक्ति बढ्नुका साथै किर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ। रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - समय फुर्सदिलो रहनाले रमाइलो भेटघाट गर्ने अवसर प्राप्त हुनेछ। प्रतिष्ठा, मान-सम्मान आदि पाइनेछ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - काममा साथ दिनेहरू बढ्नेछन्। प्रेम र मित्रताको बन्धन कसिनेछ। पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द समेत प्राप्त हुनेछ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - सोख र मनोरञ्जनले खर्च बढाउनेछ। आशा देखाउनेहरूको भरपर्दा धोका पाइएला। परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - फाइदाका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ। अवसरवादीहरूबाट विशेष सजग रहनुहोला। आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - नाम र दामका लागि गरिएको प्रयास अपूर्ण देखिए पनि यात्राको प्रक्रिया अघि बढ्नेछ। केही आस र निराशाको संयोग देखिन्छ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) - नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ। व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ। आम्दानी बढ्नाले दैनिकीमा पनि परिवर्तन आउन सक्छ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - तारिफयोग्य कामले चर्चामा ल्याउन सक्छ। प्रतिष्ठित व्यक्तिहरूको सहयोग जुट्नाले सजिलै लक्ष्य प्राप्ति हुनेछ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - पुरानो मित्रताले प्रेममार्ग अवलम्बन गर्न सक्छ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने मौका छ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - सोखले थलिएको काम व्यवसायमा रूपान्तरित हुनेछ। मेहनतीहरूलाई कार्यसिद्धिको समय छ।